# Telecom. Newsletter

*"राष्ट्र निर्माण हाम्रो लक्ष्य"*

नेपाल दूरसञ्चार कं. लि., केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


**Volume 9, Issue 4, No. 52 Nepal Telecom (Nepal Doorsanchar Co. Ltd.) Bi-monthly, Falgun-Chaitra, 2066 (March 2010)**


### कम्पनीको छैटौं वार्षिकोत्सव सम्पन्न

## सेवाको विस्तारसँगै गुणस्तरमा पनि जोड दिनुपर्ने

सूचना तथा सञ्चारमन्त्री शंकर पोखरेलले नेपाल टेलिकमले सेवा विस्तारका साथै सेवाको गुणस्तर कायम गर्न पनि गंभीरतापूर्वक ध्यान दिनुपर्ने बताउनु भएको छ। कम्पनीको छैटौं वार्षिकोत्सवको अवसरमा केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा मा.मन्त्री पोखरेलले कम्पनीले जुन रुपमा सेवाको विस्तार गरिरहेको छ, त्यही रुपमा सेवाको गुणस्तर पनि कायम गर्न सके नेपाल टेलिकम साच्चिकै सफल संस्थाको रुपमा स्थापित हुने उल्लेख गर्नुभयो।

उहाँले व्यवस्थापन र कर्मचारीहरुलाई आफ्नो कर्तव्य चुस्ततापूर्वक पूरा गरी कम्पनीलाई उत्कृष्ट संस्थाका रुपमा स्थापित गर्न आग्रह गर्दै कम्पनीको नाफा उल्लेख्य रुपमा वृद्धि भइरहेको भएपनि शेयरको मूल्य खस्किरहेकोप्रति चिन्ता प्रकट गर्दै शेयरको मूल्यवृद्धि गर्नेतर्फ पनि ध्यान पुऱ्याउन आग्रह गर्नु भयो।




**मा. मन्त्री पोखरेल (बायाँ), अध्यक्ष सुशील घिमिरे (बायाँबाट दोश्रो) र प्रबन्ध निर्देशक श्री सिंह (सम्बोधन गर्दै)**

उहाँले नयाँ र अत्याधुनिक प्रविधि भित्राएर दूरसञ्चार सेवा थप सस्तो र सर्वसाधारणको पहुँचमा पुऱ्याउन आग्रह गर्नुका साथै टेलिकमले सञ्चार क्षेत्रमा मात्र नभएर देशको विकासका लागि जलश्रोतमा समेत लगानी गर्न अग्रसर हुनु सकरात्मक पक्ष भएको बताउनु भयो।

उक्त कार्यक्रममा मा. मन्त्री पोखरेलले २५ वर्षदेखि कम्पनीमा कार्यरत ६७ जना (काठमाडौं उपत्यकामा रहेका) कर्मचारीहरुलाई दीर्घसेवा पदक प्रदान गर्नुका साथै गत एक वर्षमा कम्पनीका Cash Card हरु सबैभन्दा बढी बिक्री गर्ने छ वटै क्षेत्रीय निर्देशनालय अन्तर्गतका बिक्रेताहरुलाई दोसल्ला ओढाई सम्मान तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो। यसरी सम्मानित हुनेहरुमा पूर्वाञ्चल विराटनगर क्षेत्रबाट जयबाबा सप्लायर्सका

बाँकी २ पेजमा

## कम्पनीको ग्राहक आधार करिब ५० लाख

विगत छ महिनामा नेपाल टेलिकमको ग्राहक आधार ७ लाख वृद्धि भई ४९ लाख भन्दा बढी पुगेको छ। गत असार महिनामा PSTN, GSM र CDMA सेवाका ग्राहक आधार ४२,४४,८३० रहेकोमा पौष मसान्तसम्म ६ महिनाको अवधिमा ६,७१,४८८ ग्राहक वृद्धि भई ४९,१६,३१८ पुगेको छ।

नेपाल टेलिकमका सेवाहरु मध्ये GSM र CDMA मोबाइल सेवाप्रति उपभोक्ताहरुको माग बढ्दो क्रममा रहेको पाइएको छ। गत आर्थिक वर्षको असार मसान्त सम्ममा GSM मोबाइल सेवाका ग्राहक संख्या २९,६४,७१३ रहेकोमा पौष महिनाको अन्त सम्ममा ५,९२,८५८ ग्राहक थप भई ३५,५७,६७१ पुगेको छ।

यसै गरी CDMA सेवामा पनि विगत ६ महिनाको अवधिमा ७०,४९६ ग्राहक वृद्धि भई पौष मसान्त सम्ममा ग्राहक संख्या ७,८८,४५१ पुगेको छ।

नेपाल टेलिकमका सेवाहरुमा ADSL इन्टरनेट सेवाप्रति पनि उपभोक्ताहरुको आकर्षण निरन्तर वृद्धि भइरहेको छ। विगत ६ महिनाको अवधीमा ADSLसेवाका १५,६०८ ग्राहक वृद्धि भई पौष मसान्त सम्ममा जम्मा ३१,१६९ ग्राहक पुगेको छ। ADSL र Dial-up इन्टरनेटका समेत उपभोक्ताको संख्या पौष सम्ममा १,८६,२१३ पुगिसकेको छ।

बाँकी ३ पेजमा

## कम्पनीको साधारण सभा चैत्र १६ गते हुने

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको दोस्रो वार्षिक साधारण सभा आगामी चैत्र १६ गते बिहान १० बजे त्रिभुवन आर्मी अफिसर्स क्लब काठमाण्डौंमा हुने भएको छ।

साधारण सभामा आर्थिक वर्ष ०६५।०६६ को लागि सञ्चालक समितिको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन आदि माथि छलफल गरी पारित गर्ने कार्यक्रम छ। साथै आर्थिक वर्ष २०६५।०६६ को मुनाफा रकम मध्येबाट प्रतिशेयर रु.३५।- का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पनि पारित गर्ने कार्यक्रम रहेको छ।

साधारण सभाले कम्पनीमा कार्यरत शेयर धनी कर्मचारीहरुमध्येबाट एकजना र कम्पनीका सर्वसाधारण शेयर धनीहरुमध्येबाट एक जना सञ्चालकको निर्वाचन गर्ने कार्यक्रम रहेको कम्पनी सचिव बुद्धि प्रसाद आचार्यले जानकारी दिनु भएको छ।

## EVDO सेवा संचालनमा

नेपाल टेलिकमले CDMA प्रविधि मार्फत High Speed Data वितरण गर्नसक्ने EVDO सेवा यही फागुन १४ गतेबाट प्रदान गर्न शुरु गरेको छ। हालसम्म PDSN सेवाको अधिकतम Down Load Speed १५३ kbps रहेकोमा EVDO प्रणालीको अधिकतम Downlink speed २.४ Mbps रहेको छ।

प्रथम चरणमा काठमाडौं र पोखरामा उपलब्ध गराइएको यस सेवाका लागि २५ सय रुपैयाँ शुल्क तोकिएको छ। यस सेवामा सञ्चालन मिति देखि चैत मसान्त सम्म विशेष छुट प्रदान गरी महसुल दर प्रति १०० Kb को रु. ०.१५ (करबाहेक) कायम गरिएको छ।

**EVDO सेवाको महसुल दर :**

| | | |
|---|---|---|
| SIM Card | Rs. | 358.23 |
| VAT 13% | Rs. | 46.57 |
| Talk Time including all taxes | Rs. | 2,000.00 |
| Ownership Charge | Rs. | 45.20 |
| Registration Charge | Rs. | 50.00 |
| **Total (Selling price)** | **Rs.** | **2,500.00** |

## वार्षिकोत्सवको उपलक्ष्यमा विभिन्न छुट

नेपाल टेलिकमले छैटौं वार्षिकोत्सवको उपलक्ष्यमा आफ्ना सेवाहरुको महसुलमा केही छुट प्रदान गरी उपभोक्ताहरुलाई सुविधा प्रदान गरेको छ।

- २०६६ फाल्गुण १ गतेदेखि चैत्र मसान्त सम्म PSTN टेलिफोन सेवामा हाल लागू भइरहेको जडान शुल्क रु.९००।- पूरै छुट दिइएको छ।
- २०६६ असार मसान्त सम्म PSTN सेवामा बुझाउन बाँकी आसामी रकम २०६६ फाल्गुण १ गते देखि चैत्र मसान्तसम्म भुक्तानी गरेमा सोमा लाग्ने जरिवाना मिनाहा गरिएको छ।
- कम्पनीको GSM तथा CDMA सेवाबाट कम्पनीकै नेटवर्क भित्र हुने SMS सेवाको महसुल दर रु.१।- प्रति SMS मा २०६६ फाल्गुण १ गतेदेखि चैत्र मसान्तसम्म ५० प्रतिशत छुट प्रदान गरिएको छ।
- GSM 3G Prepaid सेवाको Video Call को महसुल दर २०६६ फाल्गुण १ गतेबाट रु.५।- प्रति मिनेट कायम गरिनुका साथै Postpaid सेवाको महसुल रु.४।- प्रति मिनेट कायम गरिएको छ।
- GSM 3G Prepaid सेवाको MMS को महसुल दर रु.४।- प्रति MMS रहेकोमा २०६६ फाल्गुण १ गतेबाट रु.३। प्रति MMS कायम गरिनुका साथै Prepaid सेवाको हकमा रु.२।५० प्रति MMS कायम गरिएको छ।
- GSM 2G र 3G सेवाको Data Call/Video Streaming Charges १ पैसा प्रति किलो बाइटलाई परिमार्जन गरी १ पैसा प्रति २ किलोबाइट कायम गरिएको छ। साथै, वार्षिकोत्सवको उपलक्ष्यमा २०६६ फाल्गुण १ गतेबाट २ महिनाको लागि सोको महसुल १ पैसा प्रति ४ किलोबाइट कायम गरिएको छ।

## पर्यटकीय क्षेत्रमा दूरसञ्चार सेवा

दूरसञ्चार कार्यालय पोखराले त्यस क्षेत्रका रमणीय हिमालय तथा पर्वतीय क्षेत्रमा पर्यटकहरुको बढ्दो आगमनलाई दृष्टिगत गरी दूरसञ्चार सेवालाई व्यापक रुपमा विस्तार गर्ने तयारी गरिरहेको छ। दूरसञ्चार कार्यालय पोखराका कार्यालय प्रमुख सुर्यनारायण मालाकारका अनुसार सो कार्यालय अन्तर्गत यस आर्थिक वर्षको अन्त्यसम्ममा १०६ वटा विटिएस जडान गरी मोवाइल सेवालाई व्यापक रुपमा विस्तार गर्ने र उपभोक्ताहरुलाई अझ गुणस्तरीय सेवा पुऱ्याउने लक्ष्य लिइएको छ।

उहाँका अनुसार पोखरा क्षेत्रमा आउने पर्यटकलगायत सर्वसाधारण उपभोक्ताहरुलाई अत्याधुनिक दूरसञ्चार सेवा उपलब्ध गराउने उद्देश्यले पोखरा नगरपालिका क्षेत्रमा निकट भविष्यमा नै 3G मोवाइल सेवा उपलब्ध गराउनका लागि सम्पूर्ण तयारी पूरा भइसकेको

बाँकी २ पेजमा




# इजि फोन सेवा सञ्चालन हुने

नेपाल टेलिकमले छैटौं वार्षिकोत्सवका अवसरमा विभिन्न दूरसञ्चार सेवाको शुभारम्भ गर्ने सन्दर्भमा माघ २२ गते Easy Phone Service को Softlaunch गरेको छ। यसको सेवा निकट भविष्यमा नै उपभोक्ताहरुलाई उपलब्ध गराइने भएको छ।




सफ्टलन्चका क्रममा उपभोक्ताहरू निःशुल्क अन्तर्राष्ट्रिय कल गर्दै

इजि फोन सेवा उपलब्ध गराउन नेपाल टेलिकमले आफ्नो साधारण फोनमा उपलब्ध भएका इन्टेलिजेन्ट नेटवर्कका (IN) सेवाहरुमध्ये इजिकल प्रिपेड कलिङ्ग कार्ड (पि.सि.सि) सेवा र पि.एस.टि.एन (PSTN) क्रेडिट लिमिट (PCL) सेवालाई अपग्रेड गरिसकेको छ। यो सिष्टम अपग्रेड भएपछि गत पौष २२ गते नेपाल टेलिकमका नायब प्रबन्ध निर्देशकहरुले संयुक्त रुपमा Upgraded उपकरणको पावर अप गर्नु भएको थियो।

इजिफोन सेवामा आफ्नो कम्प्यूटरलाई फोनको रुपमा प्रयोग गरी इन्टरनेट मार्फत संसार भरी कल गर्न सकिन्छ। यो फोन सेवा लिएका ग्राहकहरुले कल गर्न नेपाल टेलिकमबाट एउटा खाता नम्बर (Account Number) र पासवर्ड (Password) लिनुपर्छ। सो खाता नम्बर र पासवर्ड, इजिकल प्रिपेड कलिङ्ग कार्डको कार्ड नम्बर र पिन कोड अथवा पि.एस.टि.एन क्रेडिट लिमिट सेवाको खाता नम्बर र पासवर्ड हुन सक्छ। आफ्नो कम्प्यूटरमा इजिफोन सेवाको सफ्टवेयर (Software) टेलिकमको वेबसाइटबाट (www.ntc.net.np) Download गरी उपरोक्त खाता नम्बर (Account Number) र पासवर्ड (Password) दिई संसारको जुनसुकै ठाँउमा कल गर्न सकिन्छ। इजिफोन सेवा प्रयोग गरी इन्टरनेट सुविधा भएको संसारको जुनसुकै ठाँउबाट संसारको जुनसुकै ठाँउमा कल गर्न सकिन्छ।

इजिफोन सेवाको अलावा टेलिकमको PSTN/GSM/CDMA नेटवर्कबाट सस्तो दरमा IP कल गर्न सकिने सुविधा पनि नेपाल टेलिकमले उपलब्ध गराउने भएको छ। सोको लागि ग्राहकहरुले आफ्नो PSTN / GSM / CDMA फोनबाट छुट्टै एक्सेस कोड डायल गरी इजिकल प्रिपेड कलिङ्ग कार्ड (पि.सि.सि.) सेवा वा पि.एस.टि.एन. (PSTN) क्रेडिट लिमिट (PCL) सेवा मार्फत संसारको जुनसुकै ठाँउमा कल गर्न सकिन्छ।

माघ २२ गते कम्पनीको छैटौं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कार्यक्रममा इजिफोन सेवाको सफ्टलञ्च (Softlaunch) सँगै उपस्थित अतिथिहरुलाई इजिफोन सेवा मार्फत अन्तर्राष्ट्रिय कल गर्ने निःशुल्क सुविधा उपलब्ध गराइएको थियो।

# ना. प्र. नि. शर्मा सेवानिवृत्त



नेपाल टेलिकमका नायब प्रबन्ध निर्देशक यादव राज शर्मा ५८ वर्षे उमेर हदका कारण सेवानिवृत्त हुनु भएको छ। हाल कम्पनीमा रुपान्तरण भएको संस्था समितिमा हुंदा २०३० साल बैशाख २६ गते सेवा प्रवेश गर्नुभएका शर्माले २०६६ पुस २५ गते अवकाश प्राप्त गर्नुभएको हो। कम्पनीको केन्द्रीय कार्यालयमा एक औपचारिक कायक्रमको आयोजना गरी उहाँलाई बिदाई गरियो।

सो अवसरमा कम्पनीका प्रबन्ध निर्देशक अमर नाथ सिंहले उहाँलाई उपहार तथा पुष्प गुच्छा प्रदान गरी औपचारिक बिदाई गर्नुभयो।

कार्यक्रममा प्रबन्ध निर्देशक सिंहले सेवानिवृत्त नाप्रनि यादवराज शर्माले कम्पनीमा पुऱ्याउनु भएको योगदानको चर्चा गर्दै स्वस्थ र सुखमय निवृत्त जीवनको शुभकामना दिनुभयो।

उक्त अवसरमा सेवा निवृत्त शर्माले सेवा निवृत्त भएपनि संस्थाको शेयरधनी पनि भएकाले कम्पनीप्रतिको दायित्वबाट आफू अझै मुक्त नभएको महशुस भइरहेको बताउनु भएको थियो। सो बिदाई कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका नायब प्रबन्ध निर्देशक नारायण महतले सम्पूर्ण कर्मचारीका तर्फबाट शर्माको स्वस्थ, सुखमय र सक्रिय जीवनको कामना गर्नुभएको थियो।

१ पेजको बाँकी

# कम्पनीको छैटौं वार्षिकोत्सव .......




मा. मन्त्री पोखरेल क्यास कार्ड विक्रेतालाई सम्मान गर्दै

सो अवसरमा अध्यक्ष श्री घिमिरेले छैटौं वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न अतिरिक्त क्रियाकलापका विजेतालाई पुरस्कार तथा १०२ जना रक्तदाताहरुलाई प्रमाणपत्र प्रदान गर्नु भएको थियो।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमरनाथ सिंहले मोबाइल सेवाको बढ्दो प्रतिस्पर्धालाई दृष्टिगत गरी कम्पनीले यस आर्थिक वर्षको अन्त्य सम्ममा GSM मोबाइल २२ लाख लाइन थप गर्ने, ग्रामीण उपभोक्ता माझ निकै लोकप्रिय रहेको CDMA फोन सेवा ४ लाख लाइन थप गर्ने र आधारभूत सेवा अन्तर्गतको PSTN सेवा ५० हजार लाइन थप गर्ने लक्ष्य रहेको जानकारी गराउनु भयो। उहाँले अत्याधुनिक Wireless Broadband सेवा उपभोग गर्ने ग्राहकवर्गको चाहनालाई सम्मान गर्दै कम्पनीले GSM सेवा अन्तर्गत 3G मोबाइल सेवा करीब १ लाख लाइन वितरण गर्ने लक्ष्य लिएको र द्रुत गतिको ADSL Internet सेवा यस आर्थिक वर्षको अन्त्य सम्ममा पचहत्तरै जिल्लामा पुऱ्याउने लक्ष्य लिई कार्य अगाडि बढाइएको जानकारी दिनु भयो। उहाँले वार्षिकोत्सवका अवसरमा विभिन्न सेवाहरुमा छुट दिएको र नयाँ सेवाहरु शुरुवात हुन लागेकोसमेत जानकारी गराउनु भएको थियो।

सतिस कुमार जयसवाल, वीरगञ्ज क्षेत्रबाट चितवन टेलिफोन मर्मत केन्द्रका गोमा के.सी., काठमाडौं क्षेत्रबाट सनलाईट इन्टरनेसनलका धन बहादुर खत्री, पश्चिमाञ्चल क्षेत्र भैरहवाबाट भैरहवा फोटो मल्टि सप्लायर्सका गोपाल बहादुर पोखरेल, मध्यपश्चिम क्षेत्र नेपालगञ्जबाट अत्तारी ट्रेड सप्लायर्सका अब्दुल रमजान मियाँ सुदुर पश्चिम क्षेत्र धनगढीबाट रोदन ट्रेडर्सका प्रतिमा चौधरी र पोखरा क्षेत्रबाट शक्ति ग्यास प्रा. लि. का मदन भण्डारी हुनुहुन्छ।

सोही कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालयका सचिव तथा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड सञ्चालक समितिका अध्यक्ष सुशील घिमिरेले हालसम्म अग्रणी संस्थाको रुपमा रहेको नेपाल टेलिकमलाई यस हैसियतमा राखिरहन व्यवस्थापन र कर्मचारी वर्गको थप प्रतिबद्धता आवश्यक भएको उल्लेख गर्नुभयो। कम्पनीका योजनाहरु समयमै कार्यान्वयन गरी सेवा उपलब्ध गराउन व्यवस्थापन तथा कर्मचारीहरु अझ गंभीर र इमान्दार बनेमा टेलिकमको भविष्य उज्वल रहेको पनि उहाँले बताउनुभयो।

कार्यक्रममा छैटौं वार्षिकोत्सव कार्यक्रमका संयोजक तथा दूरसञ्चार तालिम केन्द्रका निर्देशक नरनारायण मानन्धरले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

# नोटिस बोर्ड सेवा

नोटिस बोर्ड सेवा Intelligent नेटवर्कमा आधारित भ्यालुएडेड दूरसञ्चार सेवा हो। यो PSTN भ्वाईसमेल अन्तरगतको एउटा सेवा हो। यसबाट भ्वाईसमेल बक्सलाई नोटिसबोर्डको रुपमा प्रयोग गर्न सकिन्छ। ग्राहकद्वारा आफ्नो फोनमा यो सेवा प्रयोग गरी नोटिसबोर्डमा सूचना रेकर्ड गराउन सकिन्छ र सो फोनमा कल गर्ने ग्राहकले सो सूचना सुन्न सक्दछन्। यसरी रेकर्ड गरिएको सन्देश हटाउन तथा पुन: रेकर्ड गर्न पनि सकिन्छ।

एकै प्रकारको सूचना धेरै जना ग्राहकलाई दिनु पर्ने अवस्थामा यो सेवाको उपयोग गर्नु सबैभन्दा उत्तम उपाय हो।

## सेवाको बढी उपयोगिता हुने क्षेत्र

- व्यापारिक संस्थाहरुको जानकारी, विज्ञापनको लागि।
- मौसम विभागको लागि, मौसमी विवरण दिन।
- ट्राभल एजेन्सीहरुलाई ट्राभल इन्फर्मेसन दिन।
- वायुसेवा कम्पनीहरुलाई उडान तालिका अपडेट गर्न।
- ट्राफिक प्रहरीको लागि ट्राफिक अपडेट गर्न।
- बैंकहरुलाई विनिमय दर प्रकाशित गर्न।
- FM, Radio तथा TV स्टेशनको कार्यक्रम तालिका राख्न।
- समाचार सेवा दिन।
- राशिफल प्रकाशित गर्न।
- सिनेमा हलद्वारा सिनेमाको जानकारी दिन।
- स्कूल तथा क्याम्पसहरुको सूचना राख्न।
- शैक्षिक परामर्शदाताहरुलाई शिक्षा सम्बन्धी परामर्शको लागि।
- सुन चादी तथा फलफुल तरकारीको बजार भाउको जानकारी दिन।

थप जानकारीका लागि www.ntc.net.np मा Logon गर्नु होला।

# पर्यटकीय ........

१ पेजको बाँकी

छ। सो प्रयोजनका लागि नगर क्षेत्रमा ८ वटा विटिएस जडान भइसकेका छन्।

यस्तैगरी मुस्ताङ्गको जोमसोममा हाल स्याटेलाइट लिंकबाट मात्र दूरसञ्चार सेवा उपलब्ध गराइएकोमा सो सेवालाई अझ भरपर्दो र गुणस्तरीय बनाउन टेरेष्टियल माइक्रोवेभ लिंकबाट पनि सेवा उपलब्ध गराउनका लागि काम शुरु गरिएको छ। जोमसोममा केही महिना अघिबाट नै NGN प्रविधिबाट SD र CBS सहितको ADSL सेवा सञ्चालन गरिसकिएको छ। यस्तैगरी दूरसञ्चार कार्यालय पोखराले अर्को महत्वपूर्ण पर्यटकीय क्षेत्र अन्नपूर्ण आधार शिविरमा NT SAT मार्फत चार लाइन टेलिफोन र एक लाइन इन्टरनेट सेवा यस अघि नै सञ्चालन गरिसकेको छ। ४ हजार १ सय मिटरको उचाईमा रहेको यो क्षेत्र शहरबाट नजिक रहेको विश्वकै सबैभन्दा अग्लो पर्यटकीय क्षेत्र हो।

अर्को रमणीय पर्वतीय क्षेत्र कास्कीको सिकलेसमा पनि निकट भविष्यमा नै दूरसञ्चार सेवा सञ्चालन गर्ने तयारी भइरहेको छ।


LAND LINE


GSM MOBILE

हाम्रा सेवाहरु


C-Phone


Sky Phone

# नेपालगञ्जमा वार्षिकोत्सव

नेपाल टेलिकमको छैटौं वार्षिकोत्सव मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय नेपालगञ्जमा पनि एक कार्यक्रमको आयोजना गरी मनाइएको छ। उक्त कार्यक्रममा सो क्षेत्रका क्षेत्रीय प्रशासक धनराज रतलाले नेपाल टेलिकमका ४ जना कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गर्नुभएको थियो । वार्षिकोत्सवका अवसरमा रक्तदान गर्ने १२ जना रक्तदातालाई बाँकेका प्रमुख जिल्ला अधिकारी वीरेन्द्र बानियाँले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।



छैटौं वार्षिकोत्सवका अवसरमा आयोजित उक्त कार्यक्रममा मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका निर्देशक खड्ग बहादुर बस्नेतले सो निर्देशनालय अन्तर्गत ल्याण्डलाइन फोनको सबभन्दा बढी महसुल बुझाउने दैलेखका ग्राहक कुल बहादुर विश्वकर्मा तथा सो क्षेत्रका सबैभन्दा बढी Cash Card बिक्री गर्ने दोश्रो (प्रथम काठमाडौंमा सम्मानित) नेपालगञ्जको MP Enterprises र तेस्रो घोराहीको शुभलक्ष्मी नमस्ते डिस्ट्रिब्युटर्सलाई सम्मान गर्नुभएको थियो ।

# NTCWU को सातौं अधिवेशन सम्पन्न

पूर्वप्रधानमन्त्री शेर बहादुर देउवाले ट्रेड युनियन आन्दोलनबाटै प्रजातन्त्र र समाजवादी आन्दोलनको शुरुवात भएकोले अब बन्ने संविधानमा श्रमजिवीहरुको अधिकारको रक्षाका लागि आफू लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ। गत माघ २५ गते काठमाडौंमा आयोजित नेपाल टेलिकम वर्कर्स युनियनको सातौं केन्द्रीय महाधिवेशनको उद्घाटन गर्दै उहाँले सो कुरा बताउनु भएको हो ।

उक्त समारोहमा बोल्दै सूचना तथा सञ्चार मन्त्री शंकर पोखरेलले टेलिकमको वित्तीय स्थिति जति राम्रो छ त्यति नै सेवाको गुणस्तर पनि राम्रो बनाउन कम्पनीको व्यवस्थापन तथा कर्मचारीहरु लागि पर्नुपर्ने बताउनुभयो ।

सोही कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष सुशील घिमिरेले कम्पनी माथि आइपर्ने चुनौतिहरुलाई व्यवस्थापन र कर्मचारीहरुले सहजै हल गर्नसक्ने बताउनु भयो। कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक अमर नाथ सिंहले कम्पनीलाई समयानुकुल प्रतिस्पर्धी र चुस्त बनाएर लैजान व्यवस्थापन अझ व्यवस्थित भएर प्रस्तुत हुने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका सभापति तथा नेपाल टेलिकम वर्कर्स युनियनका तत्कालीन अध्यक्ष शंकर लामिछानेले कम्पनीमा दक्ष र सक्षम जनशक्ति रहेको र यसको परिचालन पूर्ण क्षमतामा हुनुपर्ने बताउन भयो ।

"समृद्ध संस्था, श्रमको सम्मान, अग्रताको लागि हाम्रो अभियान" भन्ने मुल नाराका साथ माघ २५-२७ गतेसम्म सम्पन्न भएको सो अधिवेशनले मनिल ओझाको अध्यक्षतामा ४१ सदस्यीय केन्द्रीय समितिको चयन गरेको छ ।

अधिवेशनले कम्पनीद्वारा प्रदत्त सबै सेवा र योजनाका Third Party Evaluation गर्नुपर्ने, Hire and fire, No Work No Pay तथा Out Sourcing को विरोध गर्ने, मानव श्रोत व्यवस्थापन उत्कृष्ट ढंगले गर्न नीति तर्जुमा गर्नुपर्ने, कम्पनीलाई १ नं. बनाइराख्न उत्कृष्ट प्रविधि, दक्ष कामदार र सक्षम व्यवस्थापनको संयोजन हुनुपर्ने तथा सुमधुर औद्योगिक सम्बन्धको माध्यमबाट कम्पनी र कर्मचारीहरुको सम्वृद्धितर्फ उन्मुख हुनुपर्ने लगायतका १० बुंदे प्रस्ताव पारित गरेको छ ।

नव निर्वाचित समितिमा ११ उपाध्यक्ष, एक महासचिव, तीन सचिव, एक कोषाध्यक्ष र सहकोषाध्यक्षसमेतका पदाधिकारीहरु रहेका छन् ।

कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेस स्वतन्त्रका अध्यक्ष लक्ष्मण बस्नेत, UNI नेपालका अध्यक्ष लेख प्रसाद बुर्लाकोटी, नेपाल सार्वजनिक सेवा कर्मचारी संघका सह अध्यक्ष ओम शर्मा, नेपाल दूरसञ्चार कर्मचारी संघका उपाध्यक्ष भोलानाथ घिमिरे, NTCWU का सल्लाहकार महेन्द्र प्रसाद यादव, नेपाल टेलिकम कर्मचारी युनियनका अध्यक्ष सरोज कुमार ढुंगाना, नेपाल राष्ट्रिय कर्मचारी संगठन टेलिकमका अध्यक्ष कृष्णहरी खतिवडा र नेपाल दूरसञ्चार कम्पनी कर्मचारी परिषदका अध्यक्ष राजाराम शर्माले ट्रेडयूनियनको भूमिका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

# समवेदना

यस कम्पनीको दूरसञ्चार कार्यालय महेन्द्रनगरमा कार्यरत ब.स. दिर्घराज भट्टको मिति २०६६/०७/२२ गतेका दिन असामयिक निधन हुन गएको हुँदा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेपाल टेलिकम परिवार**





# परम्परागत लेखापरीक्षणको विकल्प

**सुधीर प्रसाद अर्याल**
**ना.प्र.नि., आ.ले.प. तथा निरीक्षण**

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आर्थिक विनियमावली २०६१ को अधिनमा रही कम्पनीको आर्थिक सुव्यवस्था तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न एवं प्रभावकारी बनाउने उद्देश्य अनुरुप आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागको स्थापना गरी कम्पनीको गैरप्राविधिक (Non Technical) क्षेत्रको आन्तरिक लेखापरीक्षण गर्ने कार्य नियमित रुपमा भइरहेको छ। यस विभागबाट वार्षिक कार्यक्रम तयार गरी आवधिक रुपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार गरी प्रबन्ध निर्देशक मार्फत सञ्चालक समितिमा पेश गर्ने गरिएको छ। सञ्चालक समितिले उक्त लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गर्न व्यवस्थापनलाई दिनु पर्ने निर्देशन तथा सुझाव सहित पेश गर्न लेखापरीक्षण समितिमा पठाउने गरिएको छ। लेखापरीक्षण समितिले अध्ययन गरी व्यवस्थापनले सो प्रतिवेदन अनुसार गर्नुपर्ने सुधारका कार्यहरु तथा व्यवस्थापनलाई दिनुपर्ने निर्देशन सहित तयार गरेको प्रतिवेदन पुनः सञ्चालक समितिमा पेश गर्ने गरिएको छ। उक्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा देखिएका कैफियतहरुलाई सुधार तथा कार्यान्वयन गर्न सञ्चालक समितिले व्यवस्थापनलाई पठाउने गरेको पाइएता पनि उक्त प्रतिवेदनमा औंल्याइएका कतिपय कुराहरु विगत वर्षहरुदेखि दोहोरिई रहेको पाइएकोले व्यवस्थापनले आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई खासै महत्व नदिएको हो कि भन्ने प्रश्न उठ्ने गरेको छ ।

कम्पनीमा हाल भैरहेको परम्परागत आन्तरिक लेखापरीक्षण कार्यलाई अध्ययन गर्दा मुख्यतः निम्न क्षेत्रहरुलाई मात्र समेटिएको पाइन्छ ।

- सम्पत्तिको पुँजीकरण
- जिन्सी मौज्दातको भौतिक अवस्था तथा लेखाङ्कन
- आसामी असुली
- कर्मचारी तथा अन्य पेश्की
- प्रशासनिक तथा सञ्चालन खर्चको भौचिङ्ग परीक्षण
- नगद तथा राजश्वको वर्तमान अवस्था

कम्पनीको बढ्दो प्रतिस्पर्धा तथा कार्यक्षेत्र विस्तार आदिलाई विचार गर्दा कम्पनीको आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागलाई चुस्त दुरुस्त पार्नुपर्ने देखिन्छ ।

परम्परागत रुपमा लेखापरीक्षण भनेको वित्तीय कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानुन बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउँछ। परीक्षण भन्नाले लेखाको जाँच र यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण हो ।

**लेखापरीक्षणले निम्न कुराहरु समेट्छ :**

- सर्वमान्य सिद्धान्त एवं विधीहरुद्वारा लेखा सम्बन्धी कागजातहरुको परीक्षण गर्नु ।
- कुनै पनि कम्पनीको हिसाब किताब ठिक छ छैन परीक्षण गर्नु ।
- आर्थिक तथा कर्मचारी विनियमावली र प्रचलित कानुनको सिमा क्षेत्रभित्र रही कार्य गरको छ छैन हेर्नु ।
- लेखाको सर्वमान्य सिद्धान्त अनुसार लेखा राखेको छ कि छैन परीक्षण गर्नु ।
- तयार गरिएको प्रतिवेदनहरुले व्यवसायिक नाफा नोक्सान एवं आर्थिक अवस्थाको यथार्थ स्थितिको जानकारी दिन्छन् कि दिँदैनन् भनी परीक्षण गर्नु ।
- परीक्षण गर्दा देखिएका तथ्यहरुका आधारमा प्रतिवेदन पेश गर्नु आदि ।

**लेखापरीक्षणका उद्देश्यहरु :**

- गल्तीहरु पत्ता लगाउनु र रोकथाम गर्नु ।
- जालसाजी वा छलकपट पत्ता लगाउनु र रोकथाम गर्नु ।

  क) नगदको हिनामिना

  ख) मालसामानको हिनामिना

  ग) हिसाबकिताब वा खातामा हेरफेर गरेर हिनामिना

आँउदा दिनहरुमा नेपाल टेलिकमले परम्परागत लेखा परीक्षण विधीभन्दा माथि उठेर आफ्नो बढ्दो कारोबारको परिमाण तथा क्षेत्र विस्तारलाई द्धिदयगंम गरी सांगठनिक संरचना समेत परिवर्तन गरेर सबै जोखिमहरुको एकिकृत व्यवस्थापनका लागि नयाँ शुरुवात गर्नुपर्ने देखिन्छ ।

वर्तमान नेपाल टेलिकमभित्र जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको अवधारणाका साथै राजश्व सुनिश्चितता (Revenue Assurance) को अवधारण अवलम्बन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर राखी व्यवस्थापनले यो कार्यलाई प्राथमिकताका साथ अघि बढाउने निधो गरेको छ ।

# कम्पनीको ग्राहक ........

**१ पेजको बाँकी**

यस्तैगरी दुई वर्ष अघिबाट सुरु गरिएको GPRS सेवाको माग पनि निरन्तर वृद्धि भइरहेको पाइएको छ । गत पौष मसान्त सम्ममा यो सेवाका ग्राहक संख्या ९५,८०५ पुगिसकेका छन् र यो सेवा मोवाइल सेवा प्रयोगकर्ता माझ निकै लोकप्रिय भइरहेको छ ।

नेपाल टेलिकमले दूरसञ्चार सेवालाई मुलुकभर पुर्‍याउने लक्ष्य अनुरुप गत पौष महिना देखि ७५वटै जिल्लामा PSTN, GSM, CDMA र Internet सेवा पुर्‍याइसकेको छ। विगत ६ महिनाको अवधिमा कम्पनीले मुलुकका थप १०४ गाविसमा दूरसञ्चार सेवा पुर्‍याई नेपाल टेलिकमका सेवा पुगेका गाविस संख्या ३,४३६ पुर्‍याएको छ। दूरसञ्चार सेवालाई थप विस्तार गर्न तथा गुणस्तर सुधारका लागि दीर्घकालीन योजनामा टेलिकमको व्यवस्थापन सक्रिय रहेको छ ।

हाम्रा सेवाहरु



SKY DATA



E-mail / Internet



V-SAT



ADSL

## केबुल चोरी नियन्त्रणको प्रयास

नेपाल टेलिकमद्वारा वितरित PSTN टेलिफोनको तार विभिन्न क्षेत्रमा पटक पटक चोरी भई सेवामा अवरोध सिर्जना भइरहेको सन्दर्भमा काठमाडौं क्षेत्रीय निर्देशनालय दूरसञ्चार कार्यालय बनेपाले केबुल चोरी नियन्त्रणका लागि जमिनमुनी केबुल गाड्ने कार्य शुरु गरेको छ ।

प्रथम चरणमा करीब ९ किलोमीटर केबुल जमिनमुनी गाडी सुरक्षित गरिने भएको छ । दूरसञ्चार कार्यालय बनेपा अन्तर्गत हाल सबभन्दा बढी केबुल चोरी भएका कुशादेवी र पनौती क्षेत्रमा जमिनमुनी केबुल गाड्ने कार्यका लागि आवश्यक प्रक्रिया अघि बढाइएको छ । त्यस क्षेत्रमा जमिनमुनी केबुल गाडेपछि करीब ३५ सय ग्राहकहरु लाभान्वित हुनेछन् ।

यसै सन्दर्भमा दूरसञ्चार कार्यालय बनेपाले समाजका विभिन्न पक्षलाई सहभागी गराई गत पुस २९ गते बनेपामा टेलिफोन केबुल चोरी समस्या र नियन्त्रणका उपाय विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा नेपाल टेलिकम काठमाडौं क्षेत्रीय निर्देशनालयका निर्देशक मधुसुदन कर्माचार्यले केबुल चोरी नियन्त्रण गर्न निर्देशनालयले तत्काल थप काम शुरु गर्न लागेको बताउनु भयो । सो कार्यक्रममा नेपाल दूर सञ्चार कार्यालय बनेपाका कार्यालय प्रमुख रामचन्द्र पुडासैनीले २०६३ चैत्र २३ गतेदेखि ०६६ पुस २३ गतेसम्ममा बनेपा एक्सचेन्ज अन्तर्गत वितरण भएका PSTN टेलिफोनको १६ हजार ३ सय ५० मिटर तार चोरी भएको तथ्य प्रस्तुत गर्नुभएको थियो । यो केबलको कूल बजार मूल्य १ करोड १५ लाख ९८ हजार ९३० रुपैयां पर्दछ ।

कार्यक्रममा अञ्चल प्रहरी कार्यालय बागमतीका वरिष्ठ प्रहरी उपरीक्षक चिरञ्जिवी देवकोटा, राजनीतिक पार्टीका प्रतिनिधिहरु, नेपाल पत्रकार महासंघ बनेपाका अध्यक्ष भोला थापा र उपभोक्ता समूहका प्रतिनिधिहरुले केबुल चोरी नियन्त्रण गर्न आफ्ना तर्फबाट सक्दो सहयोग गर्ने बचनबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रमका वक्ताहरुले केबुल चोरी गरेको आरोपमा पक्राउ गरी प्रहरी समक्ष बुझाइएका व्यक्तिलाई राजनीतिक संरक्षण प्रदान गरी छुटाइएकोमा आपत्ति जनाएका थिए ।

केबुल चोरी नियन्त्रणमा सक्रिय भूमिका निर्वाह गरिरहनु भएका समाजसेवी श्याम कुमार हुमागाईंको सभापतित्वमा सो कार्यक्रमका सम्पन्न भएको थियो ।

## PSTN सेवा ७५ वटै जिल्लामा




मा. मन्त्री पोखरेल एक्सचेन्ज उद्घाटन गर्दै

नेपाल टेलिकम मुलुकका ७५ वटै जिल्लामा GSM, CDMA र PSTN सेवा सञ्चालन गर्ने पहिलो दूरसञ्चार सेवाप्रदायक बनेको छ । कम्पनीले गत पुस २४ गते देखि रुकुम र जाजरकोट जिल्लामा PSTN सेवा सञ्चालन गरी यो सेवा पनि मुलुकका ७५ वटै जिल्लामा सञ्चालन गर्न शुरु गरेको हो । कम्पनीले यस अघि नै मुलुकका ७५ वटै जिल्लामा GSM र CDMA सेवा विस्तार गरिसकेको थियो ।

सूचना तथा सञ्चारमन्त्री शंकर पोखरेलले गत पुस २४ गते एक समारोह बीच जाजरकोट र रुकुम जिल्लामा ५००/५०० लाइनको PSTN टेलिफोन एक्सचेन्जको उद्घाटन गरी सेवाको शुरुवात गर्नु भयो ।

सो कार्यक्रममा मा. मन्त्री पोखरेलले ग्रामीण क्षेत्रमा VSAT, CDMA तथा GSM सेवा पुगेको भएता पनि PSTN सेवा अति भरपर्दो भएकाले यसको विशेष महत्व रहेको बताउनु भयो । PSTN सेवा सञ्चालन भए पछि जाजरकोट तथा रुकुमवासीले पनि ADSL लगायत विभिन्न सेवा उपभोग गर्न सक्ने र ती जिल्लाहरुमा पनि निकट भविष्यमा नै ADSL सेवा सञ्चालन हुने जानकारी गराउनु भयो । सो अवसरमा उहाँले आगामी ५ वर्ष भित्र सम्पूर्ण जिल्ला सदरमुकामहरुमा Optical Fibre केवल जडान गर्ने लक्ष्य रहेको जानकारी गराउनु भयो ।

नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव सुशील घिमिरेले दूरसञ्चार सेवाले मानव जीवनमा धेरैनै सकारात्मक परिवर्तन ल्याउन सक्ने भएकाले सरकारले ग्रामीण क्षेत्रलाई प्राथमिकता दिई दूरसञ्चार सेवा विस्तार गरिरहेको बताउनु भयो ।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमरनाथ सिंहले जाजरकोट र रुकुम जस्ता दुर्गम जिल्लामा स्थापित ती अत्याधुनिक प्रविधिमा आधारित टेलिफोन एक्सचेन्जहरुबाट गुणस्तरीय तथा विश्वसनीय दूरसञ्चार सेवा प्राप्त हुने र जिल्लाका वासिन्दाहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

कार्यक्रममा मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका निर्देशक खड्ग बहादुर बस्नेतले जाजरकोट तथा रुकुम जिल्लाका टेलिफोन एक्सचेन्जको Project Report प्रस्तुत गर्दै PSTN Exchange बाट ग्राहकहरुले पाउने विविध सुविधाहरुका बारेमा जानकारी गराउनु भएको थियो ।

सो कार्यक्रममा जाजरकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी र दूरसञ्चार कार्यालय जाजरकोटका कार्यालय प्रमुख हरिजंग शाहले पनि टेलिफोन एक्सचेन्ज स्थापना पछि पुग्ने फाइदाका बारेमा बोल्नु भएको थियो ।

## Can Infotec मा नेपाल टेलिकमको सहभागिता




कम्पनीको प्रदर्शनी कक्षमा आगन्तुकहरुको उत्साहपूर्ण सहभागिता

नेपाल टेलिकमले यस वर्ष पनि हरेक वर्ष झैं सूचना प्रविधि सम्बन्धी प्रदर्शनी (Can Infotech 2010) मा सक्रिय सहभागिता जनाई उपभोक्ताहरुलाई आफ्ना सेवा सम्बन्धमा जानकारी गरायो ।

गत पुस २९ गते देखि माघ ४ गतेसम्म काठमाडौंको भृकुटी मण्डपस्थित प्रदर्शनी हलमा आयोजित उक्त कार्यक्रममा नेपाल टेलिकमले छुट्टै आकर्षक कक्ष मार्फत आफ्ना सेवाहरुका सम्बन्धमा जानकारी गराएको थियो । उपभोक्ताहरुका गुनासा तथा सुझाव सुन्ने तथा कम्पनीद्वारा सञ्चालित सेवाहरुको बारेमा उपभोक्ताहरुलाई जानकारी गराउने उद्देश्यले स्थापित उक्त प्रदर्शनी कक्षमा उपभोक्ताहरुको व्यापक सहभागिता रहेको थियो ।

नेपालमा सूचना प्रविधिको विकासमा सक्रिय कम्प्युटर एसोसिएसन अफ नेपाल (CAN) द्वारा आयोजित उक्त कार्यक्रमको नेपाल टेलिकम प्रारम्भिक अवस्था देखिनै एक प्रमुख प्रायोजक रहँदै आएको छ । यस वर्ष पनि नेपाल टेलिकम सो प्रदर्शनी कार्यक्रमको Diamond Sponsor रहेको थियो ।

६ दिनसम्म चलेको उक्त १६ औं क्यान इन्फोटेक प्रदर्शनीमा ३ लाख ७० हजारभन्दा बढी मानिसले अवलोकन गरेका थिए । प्रदर्शनी अवधि भर नै नेपाल टेलिकमको प्रदर्शनी कक्षमा आगन्तुकहरुको उत्साहजनक सहभागिता रहेको थियो भने कम्पनीले विभिन्न प्रचार सामाग्रीहरु मार्फत आफ्ना सेवाहरुका सम्बन्धमा उपभोक्तावर्गलाई जानकारी गराएको थियो ।

## क्षमता अभिवृद्धि तालिम

नेपाल टेलिकम सूचना तथा प्रविधि निर्देशनालयले करीब दुई सय ५० जना कर्मचारीहरुलाई ERP, SD, CBS, ADSL, IBS तालिम दिएर क्षमता अभिवृद्धि गरेको छ । ग्राहकसँग प्रत्यक्ष सम्पर्कमा रहने कर्मचारीहरुलाई तालिम प्रदान गरी प्रशिक्षित गरिसकेपछि ती कार्यालयबाट ADSL सेवा वितरण शुरु भइसकेको छ । यो तालिम कम्पनी अन्तर्गतका ६५ वटा दूरसञ्चार कार्यालयका कर्मचारीहरुलाई दिइएको थियो ।

यो तालिम पश्चात ती ६५ कार्यालयहरुलाई PSTN सेवाको एउटै वृहद् सञ्जालमा जोडिएको छ । यसरी सञ्जालमा जोडिएका यी ६५ वटा कार्यालय मध्ये कुनै एक ठाउँको PSTN टेलिफोनको महसुल सञ्जालमा जोडिएका अरु जुनसुकै कार्यालयबाट पनि बुझाउन सकिने भएको छ ।

## टेलिफोनको महसुल बैंकमार्फत

नेपाल टेलिकमले ग्राहकहरुलाई छिटो छरितो र सरल रुपमा सेवा उपलब्ध गराउने सिलसिलामा आफ्ना सेवाहरुको महसुल विभिन्न बैंकहरु मार्फत पनि संकलन गर्ने व्यवस्था गरेको छ ।

कम्पनीका सेवाहरु मध्ये PSTN र GSM सेवाको महसुल नेपाल टेलिकमका काण्उटरहरुका साथै इन्भेस्टमेन्ट बैंक, बैंक अफ काठमाण्डौ, माछापुच्छे बैंक, एन.एम.बि. बैंक, ग्लोबल बैंक, लक्ष्मी बैंक र सिदार्थ बैंकका कुनै पनि शाखाहरुमा बुझाउन सकिने व्यवस्था मिलाएको छ । यसका साथै GSM Post-Paid मोबाइलको महसुल बैंक अफ एसिया, कुमारी बैंक, एन.आइ.सि. बैंक, स्टाण्डर्ड चार्टर्ड बैंक, एन.सि.सि.बैंक, सिटिजन बैंक र, क्लिन इनर्जी बैंकमा पनि बुझाउन सकिने व्यवस्था गरिएको छ ।

## छुटमा सिमकार्ड वितरण

नेपाल टेलिकमले भिन्न समयमा विभिन्न उमेर समूहका मुलुकभरका आफ्ना ग्राहकहरुलाई विशेष सुविधा र छुटहरु प्रदान गर्दै आएको छ । यस क्रममा कम्पनीले महोत्तरी जिल्लाका विद्यार्थीहरुका लागि नमस्ते प्रिपेडको Student Offer Sim र कलैया तथा गौरमा वृद्धरुका लागि जेष्ठ नागरिक Offer Sim उपलब्ध गराएको छ । विद्यार्थीहरुलाई लक्षित गरी वितरण कार्य शुरु गरिएको Student Offer Sim को वितरण कार्य यही फागुन १७ गतेदेखि महोत्तरीको जलेश्वरमा शुरु भएको छ । फागुन १७ गतेदेखि २० गतेसम्म विद्यार्थीहरुका लागि छुटमा जम्मा ५ सय १० रुपैयाँमा नमस्ते प्रिपेडको सिम उपलब्ध गराइएको हो ।

यसैगरी दूरसञ्चार कार्यालय कलैया र गौरबाट जेष्ठ नागरिक Offer Sim फागुनको ९ गतेदेखि नै उपलब्ध गराइएको छ । फागुनको २१ गतेसम्म त्यस क्षेत्रका वृद्धहरुलाई कम्पनीका तर्फबाट सम्मानस्वरुप ११ सय ३५ पर्ने नमस्ते प्रिपेडको सिमकार्ड छुटमा जम्मा ६ सय ५० रुपैयाँमा उपलब्ध गराइएको हो । यस छुटबाट त्यस क्षेत्रका विद्यार्थी तथा जेष्ठ नागरिकहरुले राहत महशुस गर्ने कम्पनीले विश्वास लिएको छ ।

यस न्यूज लेटरलाई थप प्रभावकारी बनाउन यहाँको सुझाव तथा प्रतिक्रियाको अपेक्षा गरिएको छ ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, व्या.व्य.वि., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
E-mail: ntc.news@ntc.net.np, फोन: ४२१०३०२/४२१०३७८, फ्याक्स: ४२१०३७९, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: BMD, Information & Publication Section, Co-ordinator S.P. Thike, Editor: Laxman Adhikari, Editorial Team: Nilakantha Tiwari, Bholanath Dahal, Umesh Dahal